आज मिति २०८१ मंसिर २७ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ७१ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिलबमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिंह बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन बहादुर कामी, का वा वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डांगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगी कर्मचारीहरु :

श्री सुरज बि सी, अधिकृत सातौं
श्री कृष्ण प्रसाद शर्मा, अधिकृत छैटौं
श्री सरीता हमाल, सूचना प्रविधि अधिकृत
श्री धनसरा वि क, कार्यालय सहयोगी

CamScanner

निर्णय प्रमाणित
हस्ता.

२०८१।०८।२४ को बैठकको निर्णयबमोजिम ० शून्य रकमबाट वढावढ हुने गरी पुन ठेक्का आव्हान गर्ने सुझाव पेश गरेको हुँदा सोहि सुझावबमोजिम हुने गरि शून्य रकमबाट वढावढमा पुनः ठेक्का आह्वान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ३: विविध सम्बन्धमा।**

**प्रस्ताव नं. ३(क) मानवसेवा आश्रम सुर्खेतको भवन निर्माण सम्बन्धमा।**

**निर्णय नं. ३(क)** मानवसेवा आश्रम सुर्खेतले वेसाहारा, असहाय तथा सडकमानव उद्दार र व्यवस्थापन गर्न आश्रमको भवन निर्माण गर्नका लागि मिति २०८१।०८।२१ देखि २०८१।०८।२८ सम्म वीरेन्द्रनगरको खुल्लामञ्चमा आयोजना भएको **श्रीमद् भागवद् सप्ताह ज्ञानविज्ञान महायज्ञमा** उक्त भवनको एक कोठा निर्माण गर्नका लागि भेरीगंगा नगरपालिकाको तर्फबाट ठेक्का लगायत विभिन्न बचत रकमबाट रु. ७,११,१११/- (अक्षेरुपी सात लाख एघार हजार एक सय एघार मात्र) सहयोग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**प्रस्ताव नं. ३(ख) खरिद योजना संशोधन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३(ख)** बिभिन्न वडाबाट प्राप्त सिफारिसबमोजिम तपसिल अनुसार वार्षिक खरिद योजना संशोधन गरि उपभोक्ता समितिमार्फत निर्माण कार्य गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>तपसिल</u>

वडा नं. ८: क. भगवती प्रावि जाने खोलामा कल्भट निर्माण रु ४०००००/-
ख. पुराना सडक मर्मत रु १५००००/-
ग. धारापानी टोल र शारदा टोल जोड्ने खोलामा कल्भट निर्माण रु ५०००००/-
घ. वडा कार्यालय गेट निर्माण रु २५००००/-
ङ. फूलबारी टोल कुइरे सडक रु ३०००००/-

**प्रस्ताव नं. ३(ग) वडा न. १ को सुसुवा खानेपानी योजना सम्बन्धमा।**

**निर्णय नं. ३(ग)** भेरीगंगा नगरपालिका वडा नं १ मा सुस्वा परियोजनाको सहकार्यमा सन्चालन गरिने भनिएको सालघारी वाग्ले हुँदै घुमाउने खानेपानी तथा सरसफाइ योजना सो स्थानमा सन्चालन हुन नसक्ने भनी वडा समितिको सिफारिस आएकोले सोही अनुसार योजना संशोधन गरी वडा नं १ कै वसेरी खानेपानी तथा सरसफाइ योजना सन्चालन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**प्रस्ताव नं. ३(घ) नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण सम्बन्धमा ।**

**निर्णय नं. ३(घ)** यस भेरीगंगा नगरपालिकाको आ.व २०८१।०८२ र २०८२।०८३ का लागि छिन्चु खोला, तोली खोला, भेरी नदी, झिङ्नी खोला, मोहटी काल्पानी खोला, डुङ्गी खोला, मूरली

निर्णय प्रमाणित

खोला, नाच्ने खोला, गोचे खोला लगायतबाट नदीजन्य पदार्थ उत्खनन् र बिक्रीबितरण गर्ने प्रयोजनका लागि प्लाटफर्म ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा लि का.मा.न.पा-३१ काठमाडौंले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन (IEE) स्वीकृत गरि नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यका लागि IEE प्रतिवेदनमा उल्लेखित दैनिक उत्खनन् परिमाणका आधारमा प्रथम पटक मिति २०८१/०७/०९ गते र दोश्रो पटक मिति २०८१/०८/१२ गते बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गर्दा कुनैपनि बोलपत्र दर्ता नभएको र यस नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८१/०८/२७ गतेको बैठकको सुझाव बमोजिम नदीजन्य पदार्थ उत्खनन् कार्य रोकिदा नगरका समग्र विकास निर्माणका कार्य, पूर्वाधार विकास तथा नगरपालिकाको आन्तरिक राजस्व संकलनमा समेत प्रत्यक्ष असर पर्ने भएका कारण तत्काल उक्त कार्य सुचारु गर्नुपर्ने देखिएकोले यो आव का लागि यस नगरपालिकाका बिभिन्न शाखामा कार्यरत कर्मचारीहरुलाई निश्चित नाका/क्षेत्र तोकी प्रत्येक साताको अन्तिम दिनसम्ममा सो साता भित्र संकलित राजस्व यस कार्यालयमा दाखिला गर्ने गरि र सो को व्यवस्थापन तथा अनुगमनको जिम्मेवारी अनुगमन समिति र सम्बन्धित वडालाई हुने गरी नगरपालिका कार्यालय आफैले अमानतमा उक्त उत्खनन् तथा बिक्रीबितरण कार्य सन्चालन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । साथै कर्णाली प्रदेश आर्थीक ऐन २०८१ दहत्तरबहत्तर शुल्क अनुसार नदीजन्य पदार्थको दररेट घनमिटरमा तोकिएकोमा उक्त दररेटलाइ प्रती ट्रीपको हिसाबले हुने गरी तपिसल अनुसारको दररेट कायम गर्ने निर्णय गरियो ।

<u>तपसिल, दररेट</u>

क. ट्याक्टर प्रति ट्रीप रु ५०० (भ्याट समेत)
ख. टिप्पर छ चक्के प्रति ट्रीप रु १६०० (भ्याट समेत)
ग. टिप्पर दश चक्के प्रति ट्रीप रु २५०० (भ्याट समेत)
घ. टिप्पर दश चक्के भारत बेन्ज प्रति ट्रीप रु २८०० (भ्याट समेत)
ङ. ट्रक सानो प्रति ट्रीप रु १२०० (भ्याट समेत)

CamScanner